## मंगला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ बाबियाचौर, म्याग्दी संख्या : ६ मिति : २०८० साल कार्तिक २१


भाग-२

मंगला गाउँपालिका

# उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८०

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मंगला गाउँपालिकाबाट सर्वसाधारणको जानकारीको लागि यो निर्देशिका प्रकाशन गरिएको छ ।

पृष्ठभुमीः-

नेपालको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्राविधिकहरूको उपयोग गरी मंगला गाउँपालिकाको कार्य क्षेत्र भित्र व्यावसायिक कृषिको माध्यमबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चितता गर्न सकिने सम्भावना विद्यमान रहेको छ । कृषि भूमिको अनुपयुक्त प्रयोग र निर्वाहमुखि कृषि प्रणालीको कारण कृषि क्षेत्रमा संलग्न कृषकहरूले पर्याप्त मात्रामा आम्दानी गर्न नसकी कृषि पेशा अरू पेशाको तुलनामा आकर्षण र सम्मानित हुन सकेको

छैन । कृषि क्षेत्रलाई आकर्षकको रूपमा हेर्न नसकेका कारण यस मंगला गाउँपालिका क्षेत्र भित्रबाट वर्षेनी हजारौं युवाहरू वैदेशिक रोजगारमा जान बाध्य भएका छन् भनेर शिक्षित युवाहरूलाई यस क्षेत्रमा संलग्न गराउन चुनौतीपूर्ण छ । कृषि क्षेत्रलाई उत्पादन र रोजगारको माध्यमबाट आकर्षक क्षेत्रको रूपमा विकास गर्न एकातिर शिक्षित युवाहरूलाई कृषि पेशामा आकर्षित गरी देश भित्रै स्वरोजगार श्रृजना गर्नुपर्ने जरुरी छ भने अर्कोतिर कृषि पेशामा संलग्न भएका व्यावसायिक र अर्ध व्यावसायिक कृषकहरूलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित र व्यावसायिक बनाउनु पर्ने आवश्यकता छ ।यसै परिपक्षमा मंगला गाउँपालिकाले कृषि व्यवसाय (कृषि तथा पशुपालन) मा विगत देखि उत्कृष्ट रूपमा कार्य सञ्चालन गरिरहेका व्यावसायिक कृषकहरूलाई प्रोत्साहन गरी उत्कृष्ट कृषक पुरस्कार प्रदान गर्नका लागि यसै वर्षदेखि **"उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८०"** तयार गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-**

क) यो निर्देशिकाको नाम "उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०" रहेको छ ।

ख) यो निर्देशिका मंगला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) **कार्यक्रमः-** भन्नाले उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम लाइ सम्झनु पर्दछ ।

ख) **उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकको न्यूनतम योग्यताः-** भन्नाले यसै निर्देशिकाको अनुसूची १ मा उल्लेख् भएको उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सहभागिताका लागि न्यूनतम मापदण्ड जनाउँदछ ।

ग) **समितिः-** भन्नाले मंगला गाउँपालिकामा रहेको कृषि व्यवसाय प्रवर्द्धन समितिलाई जनाउँदछ ।

घ) **कार्यालयः-** भन्नाले मंगला गाउँपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।

ङ) **कृषकः-** भन्नाले कृषि पेशामा आबद्ध किसानलाई सम्झनु पर्दछ ।

च) **उत्कृष्ट कृषक भन्नालेः-** मंगला गाउँपालिकाको कार्यक्षेत्र भित्र व्यावसायिक रूपमा कृषि तथा पशुपालन गरेका प्राविधिक रूपमा कृषि व्यवसाय सञ्चालन गरेका आफूले उत्पादन

गरेर यस गाउँपालिका लगायत अन्य क्षेत्रमा समेत आफ्नो उत्पादित कृषि सामाग्री बिक्री गरेका आफ्नो व्यवसायबाट अरू कृषकलाई रोजगार दिलाएका, स्थानीय स्रोत र साधनलाई बढि प्रयोग गरेका गोठ सुधार गरेका, प्रविधि सम्बन्धी साधारण जानकारी भएका वडादेखि नै छनोट भएर आएका कृषकहरू सम्झनु पर्दछ ।

**३. कार्यक्रम सञ्चालनको उद्देश्यः-** यस निर्देशिका अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ।

क) कृषकको योगदानलाई सम्मान गर्न ।

ख) कृषि पेशालाई समाजको आकर्षक एवम् सम्मानित पेशाको रूपमा स्थापित गर्न सहयोग पुऱ्याउने ।

ग) कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरी कृषि पेशालाई व्यावसायिक बनाउन सहयोग पुऱ्याउने ।

घ) कृषकहरूको मनोबल उच्च राख्न सहयोग पुऱ्याउने ।

ङ) शिक्षित युवालाई कृषि पेशातर्फ आकर्षित गर्न सहयोग पुऱ्याउन।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन विधि

**४. उत्कृष्ट कृषक छनौट विधिः-**

क) मंगला गाउँपालिकाको कार्यक्षेत्र भित्र व्यावसायिक रूपमा उत्कृष्ट कृषकहरू (कृषि तथा पशुपालन) छनौट गर्नको लागि ५ वटै वडा कार्यालयमा "वडागत सिफारिस समिति" को गठन गरी आ-आफ्नो वडा भित्र व्यावसायिक (उत्कृष्ट) रूपमा कृषि व्यवसाय सञ्चालन गर्ने कृषकहरूको प्राथमिकता निर्धारण गरी नामावली सिफारिस गरी गाउँपालिकामा पठाउन प्रत्येक वर्षको जेठ मसान्तभित्र वडा कार्यालयबाट गाउँपालिकामा पठाउन पत्राचार गरिने छ।

ख) "वडागत सिफारिस समिति" निम्न बमोजिम हुनेछ।

| | |
|---|---|
| अ) वडा अध्यक्ष | -संयोजक |
| आ)वडा सदस्य | -सदस्य |
| इ) वडा सचिव | -सदस्य |
| ई) वडा कृषि प्राविधिक | -सदस्य सचिव |
| उ) वडा पशुसेवा प्राविधिक | -सदस्य सचिव |

ग) वडाबाट सिफारिस भइ आएको कृषकहरूको नामावली माथि गाउँपालिकामा रहेको कृषि व्यवसाय प्रवर्द्धन समितिद्वारा अन्तिम नामावली प्रकाशन गर्ने छ।

५. **उत्कृष्ट कृषक पुरस्कार छनौट समितिः-** मंगला गाउँपालिकामा उत्कृष्ट कृषक पुरस्कार छनोट समिति निम्न बमोजिम हुनेछ ।

| | |
|---|---|
| अ) गाउँपालिका अध्यक्ष | -संयोजक |
| आ)गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| इ) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ई) कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक | -सदस्य |
| उ) समितिले मनोनयन गरेको विज्ञ सदस्य एक जना | -सदस्य |
| ऊ)गाउँपालिकाको पशुसेवा शाखा प्रमुख | -सदस्य सचिव |
| ऋ)गाउँपालिकाको कृषि शाखा प्रमुख | -सदस्य सचिव |

६. **समितिको काम, कर्तव्य र अधिकारः-**

क) म्याद भित्र वडा बाट आएका सिफारिसलाई मात्र मान्यता दिने ।

ख) वडा कार्यालयबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरू मध्ये बाट अनुसूची-१ मा भएका बाली तथा पशुपंक्षीलाई आधार मानेर समितिले छनौट गर्ने

ग) वडा कार्यालयबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरूलाई समितिले पुनः अनुगमन गरी उत्कृष्ट देखिएका कृषकहरूलाई छनौट गर्नुपर्ने ।

घ) कृषि तर्फबाट ६ वटा बाली (खाद्यान्न बाली, तेलहन बाली, तरकारी बाली, फलफूल बाली, च्याउ खेती र मौरी पालन) लाइ छनौट गर्ने र पशुपंक्षी तर्फ पनि ६ वटा (माछा पालन, बाखा पालन, बंगुर पालन, गाइ/भैसी पालन, कुखुरा/हासँ पालन र घाँस खेती) गरि एक आ.व. मा ५ जना कृषकलाई पुरस्कृत गर्नका लागि छनौट गर्ने ।

ङ) एउटै व्यावसायिक कृषकले बाली तथा पशुपंक्षी पालन गरी दुइवटै क्षेत्रमा उत्कृष्ट देखिएमा एउटा पक्षलाई मात्र समितिले छनौट गर्ने ।

च) छनौट भएका कृषकहरू सम्बन्धी कुनै असन्तुष्ट पक्षले उजुर गरेमा त्यसको अन्तिम निर्णय मंगला गाउँपालिकामा रहेको कृषि व्यवसाय प्रवर्द्धन समितिले तथ्यगत निर्णय गर्नेछ ।

छ) गाउँकार्यपालिकाको बैठकले पारित गरेपछि कार्यक्रम कार्यान्वयन हुनेछ ।

७. **विविधः-**

क) उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालनको समन्वय मंगला गाउँपालिका कृषि विकास शाखा तथा पशुपंक्षी विकास शाखाले समन्वयकारी भूमिका निर्वाह गर्नेछ।

## परिच्छेद-३

## संशोधन तथा खारेजी

८. यस निर्देशिका गाउँपालिकाको बैठकबाट स्वीकृत हुनेछ तथा कुनै संशोधन तथा खारेजी गर्नु पर्ने भएमा कार्यपालिकाको बैठक बाट गर्न सकिनेछ।

## अनुसूची -१

| क्र.सं. | बालीको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १ | खाद्यान्न बाली | १० रोपनी | |
| २ | तरकारी बाली | २ रोपनी | |
| ३ | तेलहन बाली | ३ रोपनी | |
| ४ | फलफूल बाली | ५०बोट(फल्ने) | |
| ५ | मौरी पालन | ३० गोला सहित आधुनिक घार | |
| ६ | च्याउ खेती | ३ वटा टनेल | |
| ७ | माछापालन | १-२ रोपनी | |
| ८ | बाख्रापालन | १५ वटा माउ बाख्रा | |
| ९ | बंगुर पालन | ५ वटा माउ बंगुर | |
| १० | गाई/भैंसी पालन | ५वटा माउ गाई/भैंसी | |
| ११ | कुखुरा/हाँस पालन | २०० वटा भन्दा बढी | |
| १२ | घाँसखेती | २ रोपनी | |

माथि उल्लेखित अनुसूची अनुसार बाली तथा पशुपंक्षी पालन गरेका कृषकहरू मध्य जम्मा ५ जना कृषकहरूलाई छनौट गरी सम्मान कार्यक्रम सञ्चालन गरिने छ।

## अनुसूची -२
## (निवेदनको ढाँचा)

मितिः-

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मंगला गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बाबियाचौर, म्याग्दी।

विषयः- उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुन पाउँ।

प्रस्तुत विषयमा यस मंगला गाउँपालिकाको आ.व. ................... को वार्षिक कार्यक्रम अनुसार कृषि विकास शाखा तथा पशुपंक्षी विकास शाखाद्वारा सञ्चालन गरिने उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा मलाई सहभागी हुन इच्छा भएकोले मेरो विवरण सहितको फाराम दर्ता गरी दिनु हुन अनुरोध गर्दछु ।

निवेदक
नामः
दस्तखतः
ठेगानाः
मोबाइल नं:

## अनुसूची -३
## (व्यक्तिगत विवरणको ढाँचा)

१. कार्यक्रममा सहभागी हुने कृषकको नामः-

२. जन्म स्थान र जन्म मितिः-

३. सहभागीको स्थायी ठेगानाः-

४. श्रोत साधनको विवरण

| क.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १. | **कूल जग्गाको क्षेत्रफल(भाडामा)लिएको जग्गा समेत)** | | |
| क) | कूल खेती गरिएको क्षेत्रफल | | |
| ख) | पशुपालनको प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| ग | सिंचित जग्गाको क्षेत्रफल | | |
| २. | **सिँचाइको श्रोत** | | |
| क) | कुलो | | |
| ख) | टंकी | | |
| ग) | कृषि यन्त्र उपकरणहरूको विवरण तथा आवश्यकता | | |

५. खेती गरिएको बालीको क्षेत्रफल र उत्पादन विवरण

| क.सं. | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १. | **खाद्यान्न बाली** | | | |
| क) | धान | | | |
| ख) | मकै | | | |
| ग) | गहुँ | | | |
| २. | **तेलहन बाली** | | | |
| क) | तोरी | | | |
| ३. | **तरकारी बाली** | | | |
| क) | वर्षे तरकारी | | | |
| ख) | हिउँदे तरकारी | | | |

| क्र.सं. | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| ग) | बेमौसमी तरकारी | | | |
| ४. | **फलफूल बाली** | | | |
| क) | केरा | | | |
| ख) | सुन्तला | | | |
| ग) | किवी | | | |
| ५. | **च्याउखेती** | | | |
| ६. | **मौरीपालन** | | | |
| ७. | **बदाम बाली** | | | |

६. पशुपंक्षी पालन तर्फ

| क्र.सं. | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | माछा पालन | | | |
| २. | ठूला पशु संख्या (गाई, भैंसी, गोरु, राँगो आदी) | | | |
| ३. | साना पशु संख्या (बाख्रा, बंगुर) | | | |
| ४. | हाँस कुखुरा पालन | | | |
| ५. | घाँस खेती | | | |
| ६. | दूध उत्पादन | | | |
| ७. | मासु उत्पादन | | | |
| ८. | अण्डा उत्पादन | | | |

७. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरणः-

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १. | कृषि ऋण श्रोत एवम् पहुँच | | | | |
| २. | बाली तथा पशुधन बीमा कार्यक्रममा पहुँच | | | | |
| ३. | कार्यक्रम/आयोजनाबाट परियोजना प्राप्ति | | | | |
| ४. | प्राविधिकसँगको सम्पर्क स्थिति | | | | |

८. कृषि पेसामा संलग्न कामदारहरूको विवरण

| क.सं. | कामदारको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १. | खेतीको कार्यमा | | | |
| २. | पशुपालन कार्यमा | | | |
| ३. | पंक्षीपालन कार्यमा | | | |
| ४. | प्रशोधन तथा बजारिकरण कार्यमा | | | |

९. कृषि व्यवसायमा लगानी स्थिति

| क.सं. | सेवा तथा संस्थागत पहुँच | रकम | कैफियत |
|---|---|---|---|
| १. | जम्मा खेती खर्च | | |
| २. | जम्मा पशुपालन खर्च | | |
| ३. | जम्मा पंक्षीपालन खर्च | | |
| ४. | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ५. | अन्य खर्च | | |
| | कुल जम्मा खर्च | | |

१०. कृषि व्यावसायमा भएको लगानीको श्रोतः

| क.सं. | लगानीको श्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | कृषि विकास बैंकबाट लिएको ऋण रकम | | |
| २. | अन्य बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | | |
| ३. | समूह/सहकारीबाट लिएको ऋण रकम | | |
| ४. | साहुबाट लिएको ऋण रकम | | |
| ५. | छिमेकीबाट लिएको ऋण रकम | | |
| ६. | आफ्नै आम्दानीबाट व्यहोरेको रकम | | |
| | जम्मा | | |

११. कृषि पेशाबाट वार्षिक पारिवारिक आम्दानी स्थिती

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | खेती कार्यबाट | | |
| २. | पशुपालन बाट | | |
| ३. | पंक्षी पालनबाट | | |
| ४. | कृषि उपजको बजारीकरणबाट | | |
| ५. | कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | |
| | कुल जम्मा आम्दानी | | |

१२.निम्न विषयमा सहभागी कृषक दक्षताः

| क्र.सं. | दक्षताको क्षेत्र | स्थिती |
|---|---|---|
| १. | उन्नत प्रविधि उपयोग तथा अनुसरण(भएको/नभएको) | |
| २. | श्रोत साधनको अधिकतम सदुपयोग(गरेको/नगरेको) | |
| ३. | प्रविधि विस्तारमा योगदान (भएको/नभएको) | |
| ४. | रोग किरा नियन्त्रण प्रविधिको उपयोग(भएको/नभएको) | |
| ५. | भकारो एवम गोठ सुधार( गरेको/नगरेको) | |
| ६. | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/नगरेको) | |
| ७. | कुनै किसिमको पुरस्कार एवम प्रशांसा प्रत्र पाएको/नपाएको | |
| ८. | समूह,समिति,सहकारिको सदस्य (भएको /नभएको) | |
| ९. | स्थानीय स्तरमा आफ्नो अनुभबको आदान प्रदान (गरेको/नगरेको) | |

१३. नयाँ कृषि प्रविधिको विकास

१४. खेती प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको विवरण

१५. कृषि व्यवसाय एंवम् प्रविधिहरुको विस्तृतिकरण (कुनै भएमा)

१६. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भएमा)

१७. कृषकको सफलताको कथा (बढिमा १०० शब्द नबढने गरि)

## अनुसूची-४

**उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेको निवेदन फारामको मूल्याङ्कनको आधारहरुः**

| क्र.सं. | निवेदन फाराम मुल्याङ्कन मापदण्ड | पूर्णाङ्क अङ्क | प्राप्ताङ्क अङ्क |
|---|---|---|---|
| १ | श्रोत साधनको स्थिति एवम् सदुपयोग | १० | |
| २ | स्थानीय समुदायमा कार्य अनुभवको आदन प्रदान एवम् योगदान | १० | |
| ३ | उत्पादन स्थिति उत्पादकत्व | २० | |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५ | रोजगारी सृजनाको स्थिति | १५ | |
| ६ | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | ५ | |
| ७ | कृषि व्यवसायबाट प्राप्त आम्दानी एवम् प्रतिफल स्थिति | १० | |
| ८ | कृषि विकास कार्यालय र प्राविधिकसँगको सम्पर्क | ५ | |
| ९ | प्राविधिक ज्ञान सीप बारे जानकारी एवम् प्रयोगको स्थिति | १० | |
| १० | कृषि व्यवसायको दिगोपनाको स्थिति | १० | |

**आज्ञाले,**
**शिवकुमार पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**